नेपाल बैंकर्स संघ
NEPAL BANKERS' ASSOCIATION

प.सं: ४१।०७६।७७
मिति: २०७६।०९।२३

माननीय संयोजकज्यू
पूँजी वजार तथा मुद्रा बजार सम्वन्धि अध्ययन उपसमिति
अर्थ समिति
संघीय संसद
प्रतिनिधि सभा
सिंहदरवार, काठमाण्डौं ।

**विषय: बैंकहरुलाई धितोपत्रको ब्रोकर लाइसेन्स प्रदान गर्ने सम्बन्धमा ।**

माननीय संयोजकज्यू,

नेपालको पूँजीवजारको विद्यमान अवस्था र धितोपत्रको ब्रोकर लाइसेन्स तथा भावी योजना सम्वन्धमा छलफल गर्न संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिले मिति २०७६ पुस १३ गते यस संघका पदाधिकारीहरुलाई आमन्त्रण गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

उक्त वैठकमा छलफल गरिए अनुसार बैंकहरुलाई धितोपत्रको ब्रोकर लाइसेन्स प्रदान गर्नु उचित हुने सम्वन्धमा निम्न बुंदाहरु पेश गर्दछौं :

**१. वित्तीय पहुँच:**

नेपाल राष्ट्र बैंकले लिएको नीति अनुरुप वाणिज्य बैंकहरुले प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा शाखा खोल्नु पर्ने प्रावधान रहेको छ ।

२०७४ असार सम्म २९५ स्थानीय तहमा मात्रै वाणिज्य बैंकहरुको शाखा भएको अवस्थामा पछिल्लो समय सम्म ७४३ स्थानीय तहमा वाणिज्य बैंकको पहुँच पुगिसकेको अवस्था छ । साथै, २०७६ कार्तिक सम्म वाणिज्य बैंकहरुको मात्रै करिव ४००० शाखा खुलिसकेको अवस्थामा बैंकहरुलाई धितोपत्रको ब्रोकर लाइसेन्स प्राप्त भएमा, दुर-दराजमा रहेका प्रत्येक नागरिकले समेत सहज र सुलभ रुपमा धितोपत्र कारोवार गर्न सक्नेछन् ।

नेपाल बैंकर्स संघको प्रतिनिधि सहितको कार्यादलले पेश गरेको प्रतिवेदनको आधारमा हाल नेपालमा लागु भएको आस्वा सुविधाले लगानीकर्तालाई धेरै सहज वनाएको छ । आस्वा सुविधा लागू गर्नु अघि पनि केहि पक्षले यसको तिव्र विरोध गरेका थिए ।

**२. संस्थागत सुशासन:**

वैंकिङ्ग क्षेत्र पारदर्शी हुनुका साथै नियामक निकायले संस्थागत सुशासनका लागि छुट्टै निर्देशिका तयार गरेको र बैंकहरुले सो निर्देशन पालना गरेको अवस्था छ । पारदर्शीता र नीति नियमको पालनामा वैंकिङ्ग क्षेत्र नेपालमा अग्रणी रहेको छ । हाल बैंकहरुले क्षेत्रले रु ३५ खर्व भन्दा वढि जनताको सम्पत्ती व्यवस्थापन गरिराखेका छन् ।

यस अवस्थामा बैंकमा हुने गरेको अन्य कारोवार तथा विवरणहरु सरह धितोपत्र कारोवार सम्वन्धी कुनै पनि सूचना तथा विवरणहरु गोप्य रहनेमा विश्वस्त हुन सकिन्छ । Insider Trading लगायत सुशासन सम्वन्धी अन्य कुनै पनि विषयमा समेत बैंकहरु मार्फत धितोपत्र कारोवार भएमा सुशासनमा अझ वढि सवल हुन सक्ने देखिन्छ । धितोपत्र कारोवार भए नभएको अवस्थामा समेत कर्मचारीलाई व्यक्तिगत लाभ नहुने हुनाले सुशासन सम्वन्धमा वढि विश्वस्त हुन सकिन्छ ।

2nd Floor, Central Business Park, Thapathali, Kathmandu, Nepal. P.O. Box: 20222, Kathmandu, Tel: 977-1-4101542/410154
Fax: 977-1- 4101540, E-mail: nba@nepalbankers.com.np, Website: www.nepalbankers.com.np

३. सहि सूचना/मार्गदर्शन प्रदान हुने:

वैंकमा रहेका दक्ष कर्मचारीहरुले कुनै पनि ग्राहकहरुलाई आवश्यक सूचना तथा जोखिमका बारे जानकारी दिन सक्छन् । साथै, वैंकका कर्मचारीहरुलाई आफ्नो आचरण सम्बन्धी पालना गर्नुपर्ने निर्देशन समेत लागु गरिएको अवस्थामा कर्मचारी तहबाट निष्पक्ष रुपमा काम हुने ।

४. अन्तर्राष्ट्रिय अभ्यास:

अन्तर्राष्ट्रिय अभ्यासका रुपमा हेर्ने हो भने पनि बैंकहरुले धितोपत्रका लागि ब्रोकरको रुपमा काम गर्दै आएका छन् ।

५. बैंकको क्षमता:

बैंकहरुलाई धितोपत्रको ब्रोकर लाइसेन्स प्रदान गर्ने भनि लिइएको नीति अनुरुप कतिपय वैंकहरुले आफ्नो सहायक कम्पनी खडा गरि सेवा प्रदान गर्न तयार रहेको अवस्था छ । साथै, २०७६ असार सम्म वाणिज्य बैंकहरुमा मात्रै करिब ४० हजार कर्मचारीहरु कार्यरत छन् । बैंकले धितोपत्र कारोवारका लागि थप एक सेवा दिदा वैंकमा कुनै भार नपर्ने र सहज ढंगवाट हाल भइरहेको जनशक्ति र व्यवस्थापनबाट नै तत्काल सो सुविधा प्रत्येक स्थानीय तहमा प्रदान गर्न सकिने ।

६. अर्थतन्त्रमा योगदान:

वैंक तथा वित्तीय क्षेत्रले मुलुकको अर्थतन्त्रमा दिएको योगदान सवैमा विदित नै छ । विगतका वर्षमा भएको उच्च आर्थिक वृद्धिदर तथा विश्व वैंकले प्रकाशन गरेको Doing Business Index मा वित्तिय क्षत्रको Rank लाई हेर्दा समेत मुलुकको प्रगतिमा वित्तीय क्षेत्रको योगदान महत्वपूर्ण रहेको देखिन्छ ।

७. CAMELS Rating:

अन्तर्राष्ट्रिय रुपमा गरिने CAMELS Rating मा समेत दक्षिण एसियामा नेपालका वैंकिङ्ग अग्र स्थानमा देखिन्छ ।

उपरोक्त विविध कारणहरुले हाम्रो वित्तीय क्षेत्र सबल, सुदृढ तथा विश्वसनीय छ भन्ने प्रष्ट हुन्छ । यस अर्थमा धितोपत्र कारोवारलाई सहजरुपमा हरेक नागरिकको हकमा सुविधा प्रदान गर्नका लागि वैंकहरु उपयुक्त माध्यम हुनेमा दुईमत छैन । सरकारकै नीति अनुरुप सहायक कम्पनी समेत खोली सकेको सन्दर्भमा जतिसक्दो चाडो वैंकलाई ब्रोकर लाईसेन्स दिई पूँजी वजार विस्तार तथा विकासमा जोड दिनु पर्ने देखिन्छ । वैंकलाई ब्रोकर लाईसेन्स दिए पश्चात् हालका ब्रोकर कम्पनीबाट प्रदान हुने सेवा तथा सुविधामा समेत सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

भवदीय,

NEPAL BANKERS' ASSOCIATION KATHMANDU 2043

भुवनकुमार दहाल
अध्यक्ष